## वस्तुगत प्रश्नोत्तर

**१. पश्चिम नवलपरासी बर्दघाट नगरपालिकास्थित दबिला क्षेत्रलाई के घोषणा गरिएको छ ?**

✍ बुद्धकालीन हलिदावसन नगर
- गौतम बुद्धको मावलीस्थल प्राचीन कोलीय गणराज्यअन्तर्गत पर्ने विभिन्न नगरमध्ये एउटालाई स्थानीय सरकारले सो घोषणा गरेको ।
- प्राचीन कोलीय गणराज्यअन्तर्गत उत्तरक, ककरपत्त, हलिदावसन, संयोगा, रामग्राम, सज्जनेल एवं कुन्डीय नामका सात नगर रहेको इतिहासविद्ले उल्लेख गरेका ।
- प्राचीन कोलीय राज्यको राजधानी हाल पण्डितपुरमा रहेको पुरातात्त्विक अध्ययनले देखाएको भए पनि अन्य प्राचीन नगर कहाँ थिए भन्ने अध्ययन अनुसन्धानको विषय बनेको ।

**२. नेपाल राष्ट्र बैङ्कले तर्जुमा गरेको चौथो रणनीतिक योजनाको अवधि कुन हो ?**

✍ सन् २०२२-२०२६
- राष्ट्र बैङ्कले पाँच वर्ष अवधिको रणनीतिक योजना तर्जुमा गरेको ।
- केन्द्रीय बैङ्कले बैङ्किङ पद्धतिप्रतिको विश्वासलाई पुनर्स्थापना गर्न, राष्ट्रले अपेक्षा गरेअनुसार अन्तर्राष्ट्रिय समुदाय र विकास साझेदारसँग प्रभावकारी संयोजन गर्न र बैङ्किङ, वित्तीय र बाह्य क्षेत्रसँगको स्थायित्व कायम गर्न अवलम्बन गर्नुपर्ने विशेष र नवप्रवर्द्धनात्मक उपाय यो रणनीतिक योजनामा समेटिएको ।
- रणनीतिले परिलक्षित गरेको आधारमा नै राष्ट्र बैङ्कले आगामी दिनमा आफ्ना कामकारबाही अगाडि बढाउने जनाएको ।
- राष्ट्र बैङ्कले सन् २००६ देखि रणनीतिक योजना बनाउन थालेको ।
- योजनाले सात रणनीतिक खम्बा र १८३ कार्ययोजना समेटेको ।

**३. नेपालमा पहिलो पटक बिनाअप्रेसन मुटुको भल्भको सफल प्रत्यारोपण कहिले गरियो ?**

✍ वि.सं. २०७८ फागुन १६
- शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले ट्रान्सक्याथर इरोटिक भल्ब इम्प्लामेन्टेसन (टीएभीआई) विधिबाट ८० वर्षीय महिलाको मुटुको भल्ब फेरेको ।
- टीएभीआई उपचार पद्धतिमा तिघ्राको धमनी फिमोरल आर्टरीबाट एक विशेष किसिमको तार अर्थात् क्याथरेटरद्वारा मानवनिर्मित भल्ब मुटुभित्र छिराएर रोग भएको एओर्टिक भल्बको स्थानमा प्रत्यारोपण गरिने/गरिएको ।
- अस्पतालका निर्देशक डा. चन्द्रमणि अधिकारीले भारतका मुटुरोग विशेषज्ञ डा. शाही सतीश नेतृत्वमा अस्पतालको टिमले सो सफल प्रत्यारोपण गरेको ।
- बिरामीलाई बेहोस पारी छाती शल्यक्रिया गर्नुपर्ने भएकाले यो पद्धतिमा जटिलता पनि कम हुने र बिरामी चाँडै निको हुने अस्पतालले जनाएको ।

**४. विश्व बैङ्कद्वारा प्रकाशित वुमन बिजनेस एन्ड ल–इन्डेक्स २०२२ अनुसार नेपालमा महिलाको आर्थिक अवसर र सशक्तीकरणको समग्र सूचकाङ्क कति रहेको छ ?**

✍ ८०.६
- सो प्रतिवेदनअनुसार सार्क राष्ट्रको अवस्था :
- ● नेपाल– ८०.६
- ● भारत – ७४.४
- ● माल्दिभ्स – ७३.८
- ● भुटान – ७१.९
- ● श्रीलङ्का – ६५.६
- ● पाकिस्तान – ५५.६
- ● बङ्गलादेश – ४९.४
- सो प्रतिवेदनअनुसार आर्थिक अवसर र सशक्तीकरणमा नेपाली महिला सार्क राष्ट्रमा अग्रस्थानमा रहेका पाइएको ।
- सो प्रतिवेदनअनुसार अग्रस्थानमा रहेका दस राष्ट्र

| देश | अंक |
|---|---|
| बेल्जियम | ९७.५ |
| क्यानडा | ९७.५ |
| डेनमार्क | ९६.९ |
| फ्रान्स | ९६.९ |
| ग्रिस | ९६.९ |
| आइसल्यान्ड | ९६.९ |
| आयरल्यान्ड | ९६.९ |
| लात्भिया | ९५.० |
| लक्जेम्बर्ग | ९४.४ |
| पोर्चुगल | ९४.४ |

- प्रतिवेदनअनुसार वेस्ट बैङ्क एन्ड गाजा २६.३ अङ्कका साथै सूचीको अन्तिम स्थानमा रहेको । त्यस्तै सूचीको दोस्रो अन्तिम स्थानमा २६.९ अङ्कका साथ यमन रहन पुगेको ।

**५. २०७८ फागुनमा राजधानीमा सम्पन्न मिस ब्युटिफुल नेपाल २०२२ प्रतियोगिताको उपाधि जित्ने युवती को हुन् ?**

✍ यसिमा मल्ल ठकुरी
- त्यस्तै विवाहित युवतीबीचको सौन्दर्य प्रतियोगिताको उपाधि 'मिसेस ब्युटिफुल नेपाल २०२२'को उपाधि रोजिना अधिकारीले जितेकी ।

**६. २४औँ शीतकालीन ओलम्पिक खेलकुद प्रतियोगिता कहिले र कहाँ सम्पन्न भएको हो ?**

✍ सन् २०२४ फेब्रुअरी ४–२०, बेइजिङ (चीन)
- प्रतियोगितामा सहभागी राष्ट्र : ९१
- प्रतियोगितामा सहभागी खेलाडी : २८७१ जना
- प्रतियोगितामा समावेश खेल : सात
- पहिलो स्वर्ण जित्ने खेलाडी : थेरेसा जोहाग (नर्वे)
- सबैभन्दा बढी स्वर्ण जित्ने खेलाडी : जोहानेस वोए (नर्वे), चार स्वर्ण र एक कांस्य
- पदकका आधारमा उत्कृष्ट पाँचमा पर्न सफल राष्ट्र
- ९१ राष्ट्रमध्ये पदक हासिल गर्न सफल राष्ट्र २७ वटा रहेका ।

| क.सं. | राष्ट्र | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | नर्वे | १६ | ८ | १३ | ३७ |
| २ | जर्मनी | १२ | १० | ५ | २७ |
| ३ | चीन | ९ | ४ | २ | १५ |
| ४ | अमेरिका | ८ | १० | ७ | २५ |
| ५ | स्वीडेन | ८ | ५ | ५ | १८ |

- प्रथम शीतकालीन ओलम्पिक खेलकुद सन् १९२४ मा फ्रान्समा सम्पन्न भएको ।
- २५औँ शीतकालीन ओलम्पिक खेलकुद सन् २०२६ मा इटालीमा सञ्चालन हुने ।

**७. विश्व सिमसार दिवस कहिलेदेखि मनाउन थालिएको हो ?**

✍ सन् १९९७
- नेपालमा पनि यही वर्षदेखि मनाउन सुरु गरिएको ।
- यो दिवस हरेक वर्ष फेब्रुअरी २ मा मनाउने गरिएको ।
- सन् २०२२ को नारा : Wetlands Action for People and Nature.

**८. अफ्रिका कप अफ नेसन २०२२ को उपाधि जित्ने राष्ट्र कुन हो ?**

✍ क्यामरुन (उपविजेता : इजिप्ट)
- सो प्रतियोगितामा २४ टिमको सहभागिता रहेको ।
- प्रतियोगिता सन् २०२२ जनवरी ९ देखि फेब्रुअरी ६ सम्म वेस्ट इन्डिजमा आयोजना गरिएको ।
- प्रतियोगितामा सर्वाधिक गोलकर्ता क्यामरुनका Vincent Aboubakar (आठ गोल) बनेका ।
- बेस्ट प्लेयर सेनेगलका Sadio Mane घोषित भएका ।

**९. प्रसिद्ध क्रिकेट खेलाडी सेन वार्नको निधन कहिले भएको हो ?**

✍ सन् २०२२ मार्च ४ (अस्ट्रेलिया)
- (वार्नले सन् १९९९ मा अस्ट्रेलियालाई विश्वकप क्रिकेटको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका ।)

**१०. जन्ती ढुङ्गा नामक स्थान कहाँ रहेको छ ?**

✍ तुलसीपुर (दाङ)
- जन्तीढुङ्गामा रहेका हजारौँ ढुङ्गा मानिसले नै कुँदेका जस्ता रहेका ।
- झाँक्री ढुङ्गा सामुदायिक वन क्षेत्रमा रहेका यी ढुङ्गालाई स्थानीयले 'जन्तीढुङ्गा' नाम दिएका । परापूर्व कालमा यो ठाउँमा पुगेपछि जन्तीहरू बिलाएको भन्ने किंवदन्ती रहेको । कुँदिएकाजस्ता देखिने यी ढुङ्गा बिलाएका जन्ती, दुलहा दुलही भएको विश्वास रहेको ।
- पछिल्लो समय यो ठाउँका ढुङ्गा हेर्न टाढा टाढाबाट सर्वसाधारण पुग्न थालेका ।

**११. नेपालमै पहिलो पटक सिसैसिसाको पुल (स्काइ ब्रिज) कहाँ निर्माण गरिएको छ ?**

✍ कुश्मा, पर्वत
- कालीगण्डकी नदीको खोँचमा बनेको स्काइ ब्रिज वि.सं. २०७८ फागुन २३ देखि सञ्चालनमा आएको ।
- कालीगण्डकी नदीको सतहदेखि झन्डै २५० मिटरको उचाइमा रहेको पुलबाट नदी र भीरको दृश्य छर्लङ्ग देख्न सकिने ।
- पुल ३५ फिट लामो र ११ फिट चौडा रहेको ।
- स्काइ ब्रिज विश्वकै दोस्रो लामो सुपरम्यान जिपलाइन र विश्वकै दोस्रो अग्लो बन्जी तथा विश्वकै अग्लो स्विङसँगै रहेको ।

**१२. अन्तर्राष्ट्रिय महिला दिवस कहिले मनाइन्छ ?**

✍ मार्च ८
- सन् २०२२ मा ११२औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको ।
- सन् २०२२ को अन्तर्राष्ट्रिय नारा : Gender Equality Today for a Sustainable Tomorrow.
- राष्ट्रिय नारा : सामाजिक न्याय र लैङ्गिक समानता : दिगो विकासको सुनिश्चितता ।

**१३. हाल निजामती सेवामा महिला प्रतिनिधित्व कति रहेको छ ?**

✍ २६.५९ प्रतिशत (२०७८ फागुनसम्म)
- निजामती सेवामा झन्डै एक दशकमा महिलाको प्रतिनिधित्व दोब्बरले बढेको ।
- निजामती सेवामा आ.व. २०६७/६८ मा १३.८४ प्रतिशत महिला रहेकोमा आ.व. २०७७/७८ मा २६.५९ प्रतिशत पुगेको ।
- निजामती किताबखानाबाट प्राप्त विवरणअनुसार हाल निजामती सेवामा ८८ हजार ५५८ कर्मचारी रहेका, जसमा २३ हजार ५५८ महिला कर्मचारी रहेका । जब कि ११ वर्षअघि महिलाको सहभागिता १० हजार ७७३ मात्र थियो ।
- यो तथ्याङ्कमा प्रदेश लोकसेवाबाट निजामतीमा प्रवेश गरेका कर्मचारीको विवरण उल्लेख नभएको ।
- आ.व. २०६७/६८ मा निजामती सेवामा कार्यरत ७७ हजार ८४८ कर्मचारीमध्ये पुरुषको सङ्ख्या ८६.१६ प्रतिशत अर्थात् ६६,०७५ थियो तर अहिले निजामतीमा पुरुषको प्रतिशत घटेर ७३.३५ प्रतिशतमा सीमित रहेको छ ।

**१४. नेपाल सरकारले विद्यालयलाई शान्ति क्षेत्रका रूपमा घोषणा कहिले गरेको हो ?**

✍ वि.सं. २०६८ जेठ ११

**१५. नेपालको कुन ठाउँलाई माटोको सहरका रूपमा चिनिन्छ ?**

✍ ल्होमन्थाङ (मुस्ताङ)

**१६. विश्वको सबैभन्दा लामो ट्रेकिङ रुट 'द ग्रेट हिमालयन ट्रेल' कुन देशमा रहेको छ ?**

✍ नेपाल

**१७. चक्राकार नदी भनी कुन नदीलाई चिनिन्छ ?**

✍ कालीगण्डकी

**१८. नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घ (एनएनआईपीए)द्वारा आयोजित १६औँ एनएनआईपीए अवार्डमा सर्वोत्कृष्ट घोषित हुने खेलाडी को हुन् ?**

✍ विराज महर्जन (फुटबल) पुरुषतर्फ र अरुणा शाही (भलिबल) महिलातर्फ
- राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा र राष्ट्रिय पुरुष फुटबल टोलीका पूर्वकप्तान विराजलाई सर्वोत्कृष्ट खेलाडी घोषणा गरिएको । दुवैले समान एक लाख रुपियाँ नगद प्राप्त गरेका ।

**१९. Spiny babbler भनेर कुन चरालाई भनिन्छ ?**

✍ काँडे भ्याकुर

**२०. सर्वप्रथम बजेटको सुरुवात कुन देशबाट भएको हो ?**

✍ सन् १७३३, बेलायत

**२१. अर्काको गुँडमा फुल पार्ने चरा कुन हो ?**

✍ कोइली
- (नेपालमा पाइने करिब १८ प्रजातिका कोइलीमध्ये चार प्रजातिले आफैँले बनाएको गुँडमा फुल पारेर चल्ला कोरल्छन् तर बाँकी प्रजातिका कोइलीले अरू चराको गुँडमा फुल पार्छन् । कोइली चरा निकै नै बाठो हुन्छ । कोइलीले आफ्नो फुल जसले सजिलै कोरल्न सक्छ, त्यही चराको गुँडमा फुल पार्छ ।)

**२२. विश्व उपभोक्ता अधिकार दिवस कहिले मनाइन्छ ?**

✍ मार्च १५

**२३. महेन्द्र संस्कृत (हाल नेपाल संस्कृत) विश्वविद्यालयबाट विद्यावारिधि गर्ने पहिलो व्यक्ति को हुन् ?**

✍ डा. रमेशचन्द्र अधिकारी

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# स्थानीय तहको बहुआयामिक भूमिका



**१. सुशासन कायम गर्न स्थानीय तहले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? लेख्नुहोस् ।**

✍ नेपालको संविधानले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई स्थानीय तहका रूपमा लिएको छ । जसमा जनताबाट प्रत्यक्ष अप्रत्यक्ष निर्वाचित पदाधिकारी रहन्छन् र यिनैले त्यहाँको शासन सञ्चालन गर्छन् । गाउँपालिका र नगरपालिकामा प्रत्यक्ष रूपमा निर्वाचित पदाधिकारीले शासन सञ्चालन गर्छन् । नेपालको संविधानको अनुसूची ८ मा २२ विषयमा पालिकालाई एकल अधिकार प्रदान गरिएको छ । यी विषयमा पालिकाले नीति निर्माण गर्ने, कानुन तर्जुमा गरी लागू गर्ने, निर्णय गर्ने, योजना बनाउने, वार्षिक बजेट निर्माण गर्नेलगायतका कार्य गर्न सक्दछन् । आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्छन् । त्यसैले स्थानीय तहलाई स्थानीय सरकार पनि भनिन्छ । नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनले स्थानीय तहको जिम्मेवारी प्रस्ट पारेको छ । त्यसभित्र रही स्थानीय तहले आफ्नो क्षेत्रभित्र आर्थिक, राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायतका क्षेत्रमा उल्लेखनीय कार्य गर्न सक्छ । आफ्नो क्षेत्रभित्र कार्य गर्न स्थानीय तह स्वतन्त्र एवं स्वायत्त छन् । त्यसकारण स्थानीय तहमा शान्ति सुरक्षा कायम गर्नेदेखि विकास निर्माणलगायतका सबै कार्यमा पारदर्शिता, जवाफदेहिता तथा सहभागिता बढाई स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय तहले बहुआयामिक भूमिका निर्वाह गर्नुपर्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- संविधानअनुरूप हुने गरी आफ्ना एकल अधिकारका विषयमा स्थानीय कानुन तर्जुमा गर्ने, स्थानीय कानुनको प्रचारप्रसार गर्ने, कानुनको पूर्ण पालना गर्ने गराउने,
- पालिकादेखि वडातहसम्म प्रशासनिक संरचना निर्माण गर्ने, यस्ता संरचनाबाट हुने सेवा प्रवाह र सूचना प्रवाह स्वचालित रूपमा हुने प्रणाली र संस्था निर्माण गर्ने,
- स्थानीय तहमा कार्यरत निजामती, प्रहरीलगायतका राष्ट्रसेवक संयन्त्रलाई सबल, सक्षम बनाउने, जनताप्रति जिम्मेवार र जवाफदेही हुने संयन्त्र निर्माण गर्ने,
- नागरिक बडापत्र जारी गरी स्थानीय तहको सेवा प्रवाहलाई थप सहज बनाउने,
- जनतालाई आवश्यक पर्ने अति आवश्यक सेवा सुविधाहरू जस्तैः खानेपानी, सडक, शिक्षा, स्वास्थ्य, विद्युत्, आगलागी, बाढीपहिरोजस्ता आकस्मिक घटनामा उद्धारलगायतका सेवा सुविधा सर्वसुलभ बनाउने,
- वृद्ध, अपाङ्गता, महिला, बालबालिका, आर्थिक एवं सामाजिक रूपले पिछडिएका वर्ग समुदायका आवश्यकतामा प्राथमिकता दिई कार्यसम्पादन गर्ने,
- व्यवस्थापकीय पक्षमा मितव्ययिता, दक्षता तथा प्रभावकारिता कायम गर्ने, यही आधारमा साधन स्रोतको परिचालन गर्ने,
- स्थानीय तहबाट हुने सबै कार्यमा प्रविधिको उच्चतम प्रयोग गरी सम्पूर्ण कार्यलाई कम्प्युटराइज्ड गर्ने, व्यक्तिगत घटना दर्तादेखि सेवा प्रवाहका हरेक कार्यको व्यवस्थित अभिलेख राख्ने,
- सामाजिक पुँजी निर्माण गर्ने, परिचालन गर्ने,
- सामाजिक कुसंस्कार एवं विकृति हटाउँदै समृद्ध समाजको निर्माण गर्ने,
- भ्रष्टाचार एवं अनियमित कार्य गर्नेलाई कडा कारबाही गर्ने, संरक्षण नगर्ने, सामाजिक बहिष्कारको नीति अवलम्बन गर्ने, अनियमितता नियन्त्रण कार्यमा स्थानीय नेतृत्वले उदाहरणीय कार्य गर्ने,
- स्थानीय तहमा देखिने गरिबीको पहिचान गरी गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्ने, यस कार्यमा सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- आफ्नो क्षेत्रभित्रका सम्पूर्ण जनताको जनसङ्ख्या सामयिक रूपमा अपडेट गर्ने, यसकै आधारमा आर्थिक, सामाजिक कार्यक्रम लागू गर्ने,
- कार्य प्रणालीलाई सरल, छिटोछरितो, मितव्ययी, कम प्रक्रियामुखी एवं आधुनिक बनाउने,
- सेवा प्रवाहमा एकद्वार नीति लागू गर्ने,
- स्थानीय निजी क्षेत्र एवं नागरिक समाजसँग सहकार्य गर्ने,
- नागरिक शिक्षा, नैतिक शिक्षामार्फत नागरिक सचेतना एवं सदाचारको विकास गर्ने,
- आफूले गरेका कार्यको मासिक, चौमासिक एवं वार्षिक रूपमा सूचना सार्वजनिक गर्दै जनतामा सूचनाको हकको प्रत्याभूति गराउने ।

**२. कार्यालयमा हुने बैठक सञ्चालन तयारी गर्दा गर्नुपर्ने कार्यहरूको सम्बन्धमा बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

✍ कार्यालयको नीति, योजना, कार्यक्रमलगायतका विषयमा आपसी छलफल गर्ने, अन्तर्क्रिया गर्ने, सूचना आदानप्रदान गर्ने कार्य बैठक हो । यो व्यवस्थापनको नियमित कार्य हो । यसले सहभागितामूलक कार्यप्रणालीमा जोड दिने भएकाले यो सुशासनको एक महत्त्वपूर्ण पक्ष पनि हो । यसले कार्यालयका हरेक काममा स्वच्छता ल्याउँछ तथा वैधता प्रदान गर्छ । यसका लागि बैठकको पूर्वतयारी गर्नुपर्ने हुन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- बैठकमा पेस गर्नुपर्ने विषय, लिखित वा मौखिक सूचना, तथ्याङ्क एवं दस्तावेज के के हुन् तयारी गर्ने,
- बैठकमा सहभागीलाई बैठकका विषय, बैठक बस्ने मिति, समय र स्थानसमेत स्पष्ट गरी लिखित पत्राचार गर्ने,
- बैठकमा सहभागीको सङ्ख्या, पदीय हैसियत, मर्यादालगायतका पक्षमा विचार गरी बैठक बस्ने सभा हलमा त्यहीअनुसार तयारी गर्ने, सहभागीको नाम, थर, पद, बस्ने स्थान र कुर्ची व्यवस्थित गर्ने,
- बैठक हलको सरसफाइदेखि खानेपानी, खाजा, खानालगायतका पक्षको व्यवस्था गर्ने,
- लामो बैठक, धेरै विषयमा छलफल तथा निर्णय गर्नुपर्ने भई धेरै दिन बैठक चलाउनुपर्ने भएमा सहभागीका लागि खान र बस्नका लागि व्यवस्था गर्ने,
- बैठक सञ्चालन, समापनलगायतका विषयको कार्यसूची तयार गर्ने,
- असल बैठक व्यवस्थापनका लागि एकआपसमा कार्य विभाजन गरी कार्य सञ्चालन गर्ने ।

**३. स्थानीय तहमा व्यक्तिगत घटना दर्ताबाट हुने फाइदा के के हुन् ? लेख्नुहोस् ।**

✍ स्थानीय तहमा रहेका नागरिकको जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र दिने कार्य व्यक्तिगत घटना दर्ता हो । यो स्थानीय नागरिकको परिवारको लगत तयार गर्ने कार्य हो । स्थानीय तहमा जनसङ्ख्याको यथार्थ अवस्थाको जानकारी दिन तथा स्थानीय आर्थिक एवं सामाजिक नीति निर्माणमा यसले महत्त्वपूर्ण सहयोग गर्छ, यो यसको ठूलो फाइदा हो । यसका अरू फाइदालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- प्रत्येक नागरिकको व्यक्तिगत घटना अपडेट हुने,
- समग्र देशको यथार्थ जनसङ्ख्या यकिन गर्न सहयोग पुग्ने,
- लक्षित वर्गको पहिचान गरी लक्षित सेवा उपलब्ध गराउन सहयोग हुने,
- राज्यबाट प्रदान गरिने सेवासुविधा चुस्तदुरुस्त बनाउन मद्दत पुग्ने,
- बजेट निर्माणमा सूचना तथा तथ्याङ्क उपलब्ध गराउनमा सहयोग,
- आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने ।

**४. नेपालमा पूर्वाधार विकासका समस्या के के छन् ? चर्चा गर्नुहोस् ।**

✍ सडक, हवाई, रेल, जललगायतका सबै यातायात, विद्युत्, सञ्चार, सूचना प्रविधि, सहरी तथा ग्रामीण विकास, आवास तथा बस्ती विकास, भवन, विज्ञान तथा प्रविधिलगायतका पक्ष पूर्वाधार विकास हुन् । नेपालमा पूर्वाधार विकासका यी पक्ष कमजोर छन् । यसमा विभिन्न समस्या देखिएका छन्, जुन निम्न छन् :
- स्रोतको अभाव हुनु,
- प्राविधिक जनशक्तिको अभाव हुनु,
- राजनीतिक अस्थिरता हुँदा नीतिगत अस्थिरता कायम रहनु,
- प्रशासनिक संरचना सबल र सुदृढ हुन नसक्नु,
- असुविधाजनक धरातलीय बनोट हुनु, उकालोओरालो, भीरपाखा, डाँडाकाँडा, गल्छीजस्ता ठाउँमा विकासनिर्माणका काम गर्न गाह्रो हुनु, ढिलाइ हुनु, खर्चिलो हुनु,
- मुलुकमा लगानीको अनुकूल वातावरण तयार हुन नसक्नु,
- विकास कार्यमा सहजीकरण एवं समन्वयात्मक पक्ष कमजोर हुनु,
- ऐन नियम कानुन लगानीमैत्री हुन नसक्नु,
- निजी क्षेत्र जिम्मेवार, सक्षम एवं उत्तरदायी हुन नसक्नु,
- सरकारी सेवा सुविधाहरू लगानीमैत्री हुन नसक्नु, कर छुट तथा सहुलियतको व्यावहारिक पक्ष कमजोर हुनु, प्याकेजका रूपमा सरकारी सेवा सुविधा हुन नसक्नु,
- संस्थागत सुशासनको अवस्था कमजोर रहनु, भ्रष्टाचार, ढिलासुस्ती एवं अनियमितताको अन्त्य हुन नसक्नु ।

**५. नेपालमा बैङ्क तथा वित्तीय संस्थाको विद्यमान अवस्थाबारे जानकारी दिँदै यसको विकासमा नियामक निकायको भूमिकाबारे चर्चा गर्नुहोस् ।**

✍ सर्वसाधारण नागरिकबाट निक्षेप सङ्कलन गरी कर्जा प्रवाह गरेर बचतकर्ता तथा लगानीकर्ताबीच मध्यस्थकर्ताको कार्य गर्ने संस्था बैङ्क तथा वित्तीय संस्था हुन् । यस्ता संस्थाले मुद्रा तथा साखको कारोबार गर्ने, सुरक्षित भुक्तानी प्रणाली लागू गर्ने, मौद्रिक नीति कार्यान्वयन गर्नेलगायतका कार्य गरी आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । यस्ता बैङ्क तथा वित्तीय संस्था नेपालको वित्तीय प्रणालीको एक अभिन्न अङ्ग हुन् । यसअन्तर्गत क वर्गको वाणिज्य बैङ्क, ख वर्गको विकास बैङ्क, ग वर्गको वित्तीय कम्पनी र घ वर्गको लघुवित्त संस्था पर्छन् । यी निकायको दर्ता, अनुगमन, सुपरिवेक्षण, नियमन, सहजीकरण एवं प्रवर्द्धन नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम केन्द्रीय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्कले गर्दै आएको छ । पछिल्लो आर्थिक सर्वेक्षणअनुसार नेपालमा २७ वाणिज्य बैङ्क, १९ विकास बैङ्क, एक पूर्वाधार विकास बैङ्क, २० वित्त कम्पनी, ७६ लघुवित्त संस्था गरी जम्मा १४३ बैङ्क तथा वित्तीय संस्था छन् ।

● **नेपाल राष्ट्र बैङ्कको भूमिका**
- नेपाल राष्ट्र बैङ्क नेपालका बैङ्क तथा वित्तीय संस्थाको नियामक निकाय हो । यसले मौद्रिक नीतिमार्फत मुलुकको वित्तीय प्रणालीको विकास र स्थायित्व कायम गर्न ठूलो भूमिका निर्वाह गर्छ । यसले ब्याज दर, विनिमय दर, मुद्रास्फीति दरमा स्थिरता ल्याउने, लचिलो र कसिलो मौद्रिक नीतिमार्फत बजारमा मुद्रा प्रदायमा सन्तुलन ल्याउने गर्छ । मुलुकमा रहेका बैङ्क तथा वित्तीय संस्थाको विकासमा यसको भूमिका निम्नानुसार हुने गर्छ :
- बैङ्क तथा वित्तीय संस्थाहरू एकआपसमा गाभिने नीतिलाई सरल र पारदर्शी बनाई वित्तीय संस्थाको वित्तीय आधार बलियो बनाउने, सुदृढीकरण गर्ने,
- ब्याज दर निर्धारणलाई पारदर्शी बनाउने,
- मुद्रास्फीति दरभन्दा केही बढी ब्याजदर कायम गर्नमा सहयोग गरी मुद्रास्फीति नियन्त्रण गर्ने,
- कर्जा प्रवाह र असुली कार्यको निगरानी गर्ने,
- कर्जा प्रवाह विधि र प्रक्रियालाई सरल र पारदर्शी बनाउने,
- सेयर बजारमा लगानीका लागि अनुकूल वातावरण तयार गर्ने,
- सेयर बजारमा कर्जा प्रवाह बढाउने,
- बैङ्क तथा वित्तीय संस्थामार्फत वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने,
- स्थानीय तहका बडातहसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा विस्तार गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने,
- पुँजी बजारमा लगानीको वातावरण निर्माण गर्न सहयोग गर्ने,
- अप्रत्यक्ष मौद्रिक उपकरण प्रयोग गरी मौद्रिक स्थिरता कायम गर्ने,
- मरिच, छोकडा, केराउ, सुपारीजस्ता वस्तुमा कर्जा प्रवाह कार्य रोकी आयातमा भन्दा उत्पादन क्षेत्रमा कर्जा प्रवाहमा सरलता ल्याउने,
- कृषि, उद्योग, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्ने,
- स्वदेशमा उत्पादन हुन सक्ने तर हाल विदेशबाट आयात भएका वस्तुको उत्पादनमा साधन परिचालन हुने वातावरण तयार गरी आयात प्रतिस्थापनमा जोड दिने,
- जोखिम सूचक तयार गरी जोखिमका आधारमा बैङ्क तथा वित्तीय संस्थाको नियमन र अनुगमन गर्ने,
- घ वर्गको लघुवित्त संस्थाको नियमनका लागि छुट्टै संरचना तयार गर्ने ।

**६. नेपालको वर्तमान राजनीतिक विभाजन कस्तो छ ? छोटो टिप्पणी गर्नुहोस् ।**

✍ देशको भूभागलाई क्षेत्र, प्रान्त, अञ्चल, जिल्ला, इलाका आदिजस्ता प्रशासनिक एकाइमा विभाजन गर्ने कार्य राजनीतिक विभाजन हो । नेपालको संविधानले नेपाललाई सङ्घीय राज्यमा रूपान्तरण गरी मुलुकलाई सात प्रदेशमा विभाजन गरेर सोहीअनुरूप जिल्लाको व्यवस्था गरेको छ । नेपालमा एक सङ्घीय सरकार, सात प्रदेश सरकार, ७७ जिल्ला समन्वय समिति र ७५३ पालिका सरकारको व्यवस्था गरिएको छ । केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारको व्यवस्था छ । यी सरकारबीच समन्वय, सहकार्य, सहअस्तित्व हुनुपर्ने संवैधानिक व्यवस्था भए पनि आपसमा समन्वय र सहकार्य हुन नसक्दा सेवा प्रवाह, सुशासन कायम हुन नसकेको अवस्था छ । सङ्घीय प्रणालीलाई तीनै तहमा संस्थागत गर्ने प्रयासले सार्थकता पाए पनि सङ्घीयता, गणतन्त्र एवं समावेशिताका लाभहरूको न्यायोचित वितरण हुन नसकेको अवस्था देखिन्छ । यसका लाति तीन तहका सरकारबीच अन्तरनिर्भरता विकास गर्दै परस्पर सहयोग विस्तार गरेर समन्वयमा कार्य गर्नुपर्ने देखिन्छ ।

**७. नेपालको संविधानमा उल्लेख गरिएका विकाससम्बन्धी नीतिहरू के के छन् ? लेख्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ५१ (च) मा विकाससम्बन्धी नीतिहरू छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना सञ्चालन गर्ने,
- दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिने,
- सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,
- विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,
- वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने,
- वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,
- राष्ट्रिय आवश्यकताअनुसार सूचना प्रविधिको विकास र विस्तार गर्ने र यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने,
- राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,
- विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने र आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,
- एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गर्ने, नागरिकका सबै प्रकारका सूचना र विवरण एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,
- जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्ने, राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**